# जेबिल्स फाइनान्स लिमिटेड

## न्यूरोड, काठमाण्डौं

पांचौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

१. वैधानिक सभा :

जेबिल्स फाइनान्स लिमिटेडको सञ्चालक समितिको मिति २०७१ मंसिर १९ गते बसेको ८९ औं बैठकको निर्णयानुसार बोलाइएको पांचौं वार्षिक साधारणसभा सञ्चालक समितिको अध्यक्ष श्री विनोद कुमार मानन्धरज्यूको सभापतित्वमा देहाय बमोजिमको निर्णय गरी सम्पन्न भयो ।

२. सभाको मिति, स्थान र समय :

मिति : २०७१पौष २१ गते (तदनुसार जनवरी ०५, २०१५) सोमबार ।

समय : दिनको ११:३० बजे

स्थान : नेपा ब्यान्क्वेट, पुष्पलाल मार्ग, खुसिबुँ, काठमाण्डौ ।

३. साधारण सभाको सूचना तथा प्रकाशनः

पांचौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना प्रथम पटक मिति २०७१ मंसिर २३ गते राजधानी राष्ट्रिय दैनिक र दोश्रो पटक मिति २०७१ पौष १५ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सभामा उपस्थित हुने जानकारी प्रकाशित गरिएको थियो ।

४. पांचौं वार्षिक साधारण सभाका छलफल विषयसूची :

क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७०/०७१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७१ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. ०७०/०७१ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बांडफांड हिसाब र सोहि अवधीको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनूसुचीहरु छलफल गरि पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०७१/७२ को लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।( वर्तमान लेखापरिक्षक एन. अमात्य एण्ड कम्पनी पुन : नियुक्त हुन सक्नेछ ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको ४.७४%दरले हुने रु.९४,७३,६८४.२१ (बोनस शेयरमा लाग्ने कर समेत) नगद लाभांश वितरण स्विकृत गर्ने ।
५. संस्थापक समूह (समूह क) बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद संख्या तीन (३)को निर्वाचन गर्ने सम्बन्धमा ।

ख) बिशेष प्रस्ताव

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चूक्ता पुंजी रु.२० करोडको १० प्रतिशतले हून आउने रु.२ करोड(दुई करोड) बोनस शेयर वितरण गर्ने ।
२. यस वित्तीय संस्था र अन्य कुनै पनि उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती/समाहित (Acquisition) गर्ने, गराउने तथा गाभ्ने, गाभिने वा प्राप्ती समाहित सम्बन्धी आवश्यक सम्झौता गर्ने, सम्पत्ति तथा दायित्वको मूल्यांकन (Due Dilligence Audit) गर्न मुल्याङ्कनकर्ता नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने, गाभिने वा प्राप्ती समाहित सम्बन्धी सम्पूर्ण कार्य गर्न एवं प्रकृया पुरा गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

३. संस्थाको प्रबन्ध पत्र तथा नियमावली संशोधन सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४. संस्थाको प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरुबाट प्राप्त हून आउने निर्देशन बमोजिम कुनै कैफियत भएमा सो संशोधन गर्नको लागि सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।

ग) विविध ।

५. उपस्थिती :

५.१ संचालकहरुको उपस्थितिः

| | |
|---|---|
| (क) श्री बिनोद कुमार मानन्धर | अध्यक्ष |
| (ख) श्री बिनोदश्रेष्ठ | सञ्चालक |
| (ग) श्री गोपाल राजभण्डारी | सञ्चालक |
| (घ) श्री अच्यूत रत्न बज्राचार्य | सञ्चालक |
| (ङ) श्री उमेश नकर्मी | सञ्चालक |

५.२ पर्यवेक्षकहरुको उपस्थितिः

| | |
|---|---|
| (क) श्री सरोज भण्डारी | प्रतिनिधिः श्री एन.अमात्य एण्ड कम्पनी |
| (ख) श्री अनुप कुमार श्रेष्ठ | प्रतिनिधिः श्री ए.के.श्रेष्ठ एण्ड कम्पनी |
| (ग) श्री मोहन राज भट्टराई | निर्वाचन अधिकृत |
| (घ) श्री धर्म राज खत्री | अधिकृत, एन.सि.एम मर्चेण्ट बैकिङ्ग लिमिटेड |

५.३ शेयरधनीहरुको उपस्थितिः

| | |
|---|---|
| (क) स्वयम उपस्थित शेयरधनीहरुको संख्या | : २५० |
| (ख) प्रतिनिधि मार्फत उपस्थित शेयरधनीहरुको संख्या | : ६६ |
| (ग) जम्मा उपस्थित शेयरधनीहरुको संख्या | : ३१६ |

६. गणपूरक संख्या :

| जम्मा | | स्वयं उपस्थित | | प्रतिनिधि पत्रद्वारा उपस्थिति | | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| शेयरधनी संख्या | शेयर संख्या | शेयरधनी संख्या | शेयर कित्ता | शेयरधनी संख्या | शेयर कित्ता | |
| १५५१ | २०,००,००० | २५० | ७,२५,६४० | ६६ | ५,६०,०१० | ६४.२८ |

७. सभाको बैधानिकता :

सर्वप्रथम सभा उद्घोषकले कम्पनी ऐन २०६३ तथा यस वित्तीय संस्थाको नियमावली बमोजिम साधारण सभा बोलाईएको र कम्पनी ऐन २०६३ को दफा ७३ तथा वित्तीय संस्थाको नियमावली अनुसार साधारण सभा सञ्चालन गर्न गणपुरक संख्या पुगेको सभालाई अवगत गराए पछि सञ्चालक समितिका अध्यक्ष श्री बिनोद कुमार मानन्धरज्यूको सभापतित्वमा सभा विधिवत सञ्चालन गरियो ।

८. छलफलको लागि आह्वान :

साधारण सभामा निर्धारित प्रस्तावहरुको विषय सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरुप वार्षिक प्रतिवेदन लेखापरीक्षकको प्रतिवेदन सहितको वासालात, नाफा-नोक्सान बांडफांड हिसाब तथा नगद प्रवाह विवरण समेतमा छलफलका लागि आ-आफ्नो मन्तव्य, बिचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन सभापतिज्यूले अनुरोध गर्नु भयो ।

९. सभामा उपस्थित शेयरधनीहरुको मन्तव्य, राय, सुझाव :

छलफलमा निम्न बमोजिम शेयरधनी महानुभावहरुले मन्तव्य, राय, तथा सुझावहरु व्यक्त गर्नुभयो ।

१. उद्धव प्रसाद अधिकारी

२. नरसिहं लाल चखूं

३. डमरु बल्लम घिमिरे

४. रोज कुमार श्रेष्ठ

५. कृष्ण प्रसाद अधिकारी

६. शिव प्रसाद शर्मा

१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुबाट आ.व.२०७०/७१ को हिसाब किताब र कार्य सम्पादन प्रति सामुहिक रुपमा व्यक्त गर्नु भएको सुझाव,जिज्ञासा र मन्तव्य

- वार्षिक प्रतिवेदनमा (रेखा चित्र) ग्राफ चार्टहरु भएमा सुनमा सुगन्ध हुने थियो ।
- वार्षिक प्रतिवेदनमा प्रोक्सी र प्रवेश पत्र व्यवस्था गर्नुपर्ने ।
- प्रमुख सुचकाङ्कमा बुक नेटवर्थ राख्दा प्रतिशेयर बुक नेटवर्थ देखाएमा शेयरधनीहरुले सजिलै संग बुझ्न सकिने र साथै शेयरपूंजी लाभांश(वोनस सहित) मा एकमुष्ट नगद र वोनस लाभांश राख्नुपर्ने ।
- कम्पनीलाई हुने जोखिम अन्तर्गत HR Risk,Operational Risk,Market Risk र Data Disaster बाट हुने जोखिमलाई पनि विचार पुर्‍याएर काम गर्नु पर्दछ ।
- ०.५० प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएको शेयरधनीहरुको विवरणमा संस्थापक र साधारण शेयर छुट्टयाएमा राम्रो हुने ।
- असुल गर्नु पर्ने व्याज समयमै उठाई निष्कृय कर्जा कम गर्दै लैजान ध्यान दिनु पर्ने ।
- गैर संचालन आम्दानीका साथसाथै संचालन आम्दानी बढाएर नाफा बाड्न सकेमा अझ् राम्रो हुने छ ।
- कर्जा प्रवाहमा Valuation को ४०–५० प्रतिशत मात्र कर्जा प्रवाह गर्दा भविष्यमा संस्थालाई समस्या आउदैन त्यसैले संस्थाले त्यसतर्फ ध्यान पुर्‍याउन राम्रो हुने छ ।
- Investment अन्तर्गत Share Investment लाई समयमै Trading गरी Profit Book गर्नु राम्रो हुनेछ ।
- नाफालाई बृद्धिगरी वार्षिक प्रतिवेदन राम्रो पार्दै समयमै राम्रो कम्पनीसंग Merger तथा Acquisition गर्न सकेमा शेयर धनीलाई फाईदा हूने हुंदा समयमै गर्दा राम्रो हुनेछ ।

११. शेयरधनी महानुभावहरुवाट प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, सुझाव तथा प्रश्नहरु प्रति संचालक समितिकातर्फबाट अध्यक्ष तथा सभाका सभापती श्री बिनोद कुमार मानन्धरले दिनु भएको जवाफ सारांशको रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

यस सम्मानित सभामा उपस्थित शेयरधनी महानुभावहरुबाट प्रकट भएका अमुल्य राय सुझावहरुको लागि धन्यवाद दिदै उक्त राय सुझावहरुलाई मध्य नजर गर्दै आगामी वर्षको वार्षिक प्रतिवेदनमा ग्राफ चार्ट (रेखा चित्र) सहित वार्षिक प्रतिवेदन तयार गरिने जानकारी गराउदछौं । प्रवेशपत्र र प्रोक्सीको हकमा छुट्टा छुट्टै नदिई आगामी वर्ष देखी वार्षिक प्रतिवेदनमा नै समाबेश गरिनेछ । प्रमुख सुचाकाङ्कमा शेयरधनी महानुभावहरूको सुझाव बमोजिम प्रति शेयर बुक नेटवर्थ र शेयरपूंजी लाभांश (बोनस सहित) एक मुष्टमा राखी वार्षिक प्रतिवेदन तयार गरिने अवगत गराउदछौं । आगामी दिनहरुमा कम्पनीलाई हुने जोखिमहरु HR Risk, Operational Risk, Market Risk र Data Disaster बाट हुने Risk लाई मध्ये नजर गरी

संस्थाको गतिविधि अगाडी बढाउदै लैजाने जानकारी गराउदछौं । असुल गर्नुपर्ने ब्याज लाइं समयमै उठाई संचालन आम्दानी बढाउनुका साथै Investment अन्तर्गत share investment लाई समयमै Trading गरी गैर संचालन आम्दानी पनि बढाई शेयरधनीहरुलाई बढी भन्दा बढी प्रतिफल दिन सदैव संचालक समिति प्रयासरत हुने अवगत गराउदछौं । शेयरधनीको सुझाव बमोजिम कर्जा प्रवाह गर्दा संस्था सदैव सुरक्षित हुने गरी कर्जा प्रवाह गर्दै आएको र भविष्यमा पनि त्यसैलाई निरन्तरता दिने (सुरक्षित कर्जा प्रवाह) गरिने अवगत गराउदछौं ।आर्थिक प्रतिवेदनमा ०.५० प्रतिशत वा सो भन्दा बढी स्वामित्व भएको शेयरधनीहरुको विवरणमा शेयरधनीहरुको सुझाव वमोजिम नै आगामी वर्षमा संस्थापक शेयरधनी र साधारण शेयरधनी छुट्टीने गरी विवरणमा उल्लेख गरिने जानकारी गराउदछौं ।शेयरधनीहरुको सुझावलाई मनन गरी यस साधारण सभामा पनि merger वा acquisition सम्बन्धी बिशेष प्रस्ताव अन्तर्गत बिषय सूची नं. २ राखिएको तपाईहरुमा अवगतै छ साथै सबै शेयरधनीहरुलाई ध्यानमा राखी फाइदा हुने खालको राम्रो कम्पनीसंग merger वा acquisition गर्ने पहलमा संचालक समितिको कोशिस निरन्तररहि रहने अवगत गराउंदछौं ।

१२. **पारित निर्णयहरु :**

**(क) सामान्य प्रस्ताव तर्फ :**

(१) पांचौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री बिनोद कुमार मानन्धरले पेश गर्नु भएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन २०७०/७१ मा छलफल गरी सभाले पारित गर्ने निर्णय भयो ।

(२) वित्तीय संस्थाको आ.व. २०७०/७१ को आर्थिक कारोबारको लेखापरीक्षण गरी सोको प्रतिवेदन पेश गर्नका लागि चौथौ वार्षिक साधारणसभावाट नियुक्त लेखापरीक्षक श्री एन. अमात्य एण्ड कम्पनीले सभा समक्ष प्रस्तुत गर्नु भएको लेखापरीक्षण प्रतिवेदन र सो साथ संलग्न वासलात, नाफा-नोक्सात हिसाब र सोहि अवधिको नगद प्रवाहको विवरण, तत्सम्बन्धी अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने निर्णय भयो ।

(३) वित्तीय संस्थाको आ.व. २०७१/७२ को आर्थिक कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक एन. अमात्य एण्ड कम्पनीलाई पुनः लेखा परिक्षण गर्ने कार्यका लागि बाह्य लेखापरीक्षकमा नियुक्त गर्ने र सो बापत निजलाई रु.,८५,०००/( मूल्य अभिबृद्धी कर बाहेक ) पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७०/७१ को नाफावाट चुक्ता पूंजीको ४.७४%का दरले हुने रु.९४,७३,६८४.२१(बोनस शेयरमा लाग्ने कर समेत) नगद लाभांश वितरण स्विकृत गर्ने निर्णय गरियो ।

(५) मिति २०७१/०८/२३ का दिन प्रकाशित साधारण सभाको सूचनामा प्रकाशित भए बमोजिम वित्तीय संस्थाको नियमावली अनुसार संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक (पद संख्या ३) को निर्वाचन गर्ने सम्बन्धमा निर्वाचन अधिकृत श्री मोहन राज भट्टराईद्धारा मिति २०७१/०९/१४ मा निर्वाचन सम्बन्धी कार्यक्रम प्रकाशित गरी मनोनयनपत्र दर्ता गर्नका लागि तोकिएको मिति २०७१/०९/१८ का दिन निम्न बमोजिमका ३ जना ब्यक्तीहरुबाट मात्र उम्मेदवारी दर्ता भएकोले निजहरु निर्विरोध निर्वाचित भएको घोषणा निर्वाचन अधिकृतवाट भई साधारण सभाले अनुमोदन गऱ्यो ।

| क.स. | निर्विरोध निर्वाचित हुने सदस्यहरुको नाम |
|---|---|
| १. | श्री गोपाल राजभण्डारी |
| २. | श्री बिनोदश्रेष्ठ |
| ३. | श्री बिनोद कुमार मानन्धर |

(ख) **विशेष प्रस्ताव तर्फ :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७०/७१ को नाफावाट चुक्ता पूंजीको १०% दरले हुने रु.२,००,००,०००/(दुई करोड) बोनस शेयर वितरण स्विकृत गर्ने निर्णय गरियो ।

(२)यस वित्तीय संस्था र अन्य कुनै पनि उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती/समाहित (Acquisition) गर्ने, गराउने तथा गाभ्ने, गाभिने वा प्राप्ती समाहित सम्बन्धी आवश्यक सम्झौता गर्ने, सम्पत्ति तथा दायित्वको मूल्यांकन (Due Dilligence Audit) गर्न मुल्याङ्कनकर्ता नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने, गाभिने वा प्राप्ती समाहित सम्बन्धी सम्पूर्ण कार्य एवं प्रकृया पुरा गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(३) प्रवन्ध पत्र र नियमावली संसोधनका सम्बन्धमा देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

## प्रबन्धपत्र तर्फ

| सम्बन्धित दफा | साविक व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| दफा ५ मा (य) थप गर्ने | व्यवस्था नभएको | (य) प्रचलित कानुन वमोजिम आफ्नो ग्राहककहरुका लागि सुन चांदी धिेता राखि कर्जा प्रदान गर्ने । | पहिला व्यवस्था नभएकोले थप व्यवस्था गरिएको । |
| दफा ६ मा (ख) संसोधन | (ख) वित्तीय संस्थाले तत्काल जारी गर्ने शेयर पूंजी २०,००,००,०००।- (बीस करोड) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (एक सय रुपैयां) दरको २०,००,०००/- (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिनेछ । | (ख) वित्तीय संस्थाले तत्काल जारी गर्ने शेयर पूंजी २२,००,००,०००।- (बाईस करोड) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- ( एक सय रुपैयां) दरको २२,००,०००/- ( बाईस लाख) थान साधारण शेयरमा विभाजन गरिनेछ । | शेयर पूंजी बृद्धि भएकोले । |
| दफा ६ मा (ग) संसोधन | (ग) वित्तीय संस्थाको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूंजी १०,२०,००,०००/- (दश करोड बीस लाख) हुनेछ । | (ग) वित्तीय संस्थाको तत्काल चुक्ता पूंजी २२,००,००,०००।- (बाईस करोड) हुनेछ । जसलाई प्रति शेयर रु.१००।- (एक सय रुपैयां) दरको २२,००,०००/- (बाईस लाख) थान साधारण शेयरमा विभाजन गरिनेछ । | सर्वसाधारणमा शेयर निष्काशन भई तथा प्रस्तावित बोनस शेयरको कारण पूंजी बृद्धि भएकोले । |

## नियमावली तर्फ

| सम्बधित नियम | साविक व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| नियम ३८ (१) | (१) समितिको बैठक दुईवटा बैठक बीचको फरक दुईमहिना भन्दा बढी नहुने गरी वर्षमा बाह्र पटक बैठक बस्नु पर्नेछ । नियम ३७ मालेखिएको पदाधिकारीले समितिको बैठक बोलाउनेछ । त्यसरी बैठक नबोलाएमा कूल सञ्चालकसंख्याको कम्तीमा एक तिहाईसञ्चालकहरुले लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकैबखत समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि अध्यक्षले बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले | (१) समितिको बैठक दुईवटा बैठक बीचको अवधि दुईमहिना भन्दा बढी नहुने गरी वर्षमा कम्तिमा बाह्र पटक बैठक बस्नु पर्नेछ । नियम ३७ मालेखिएको पदाधिकारीले समितिको बैठक बोलाउनेछ । त्यसरी बैठक नबोलाएमा कूल सञ्चालकसंख्याको कम्तीमा एक तिहाई प्रतिशत सञ्चालकहरुले लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकैबखत समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि अध्यक्षले बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत | शंसोधन गर्नु पर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| | बैठकमा छलफल हुने विषय र बैठक बस्नेसमय तथा स्थान उल्लेख गरी समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउंदाअन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनुपर्नेछ । | सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्नेसमय तथा स्थान उल्लेख गरी समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउंदाअन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनुपर्नेछ । | |

(४) साधारण सभाद्धारा स्विकृत प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम कुनै कैफियत भएमा सो संशोधन गर्नको लागि सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**(ग) विविध तर्फ :**

विविध तर्फ छलफल गर्ने कुनै विषय नभएकोले अन्तमा सभाको सभापतित्व गर्नु हुने सञ्चालक समितिको अध्यक्ष श्री विनोदकुमार मानन्धरवाट आ-आफ्नो अमूल्य समय दिई उपस्थित भई यस सभामा प्रस्तुत विषय सूचीहरुमा छलफल गरी निर्णय उपर महत्वपूर्ण भूमिका निर्वाह गर्नु भई सभालाई सफल पारि दिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, अन्य महानुभावहरु लगायत नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, नेपाल वित्तीय संस्था संघ, आन्तरिक राजस्व कार्यालय, आन्तरिक तथा बाह्य लेखापरीक्षक, विभिन्न संघ संस्था लगायत सम्पूर्ण शुभचिन्तकहरु तथा वित्तीय संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई समेत धन्यवाद दिनु भई पांचौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

.......................................
कम्पनी सचिव
जितेन्द्र लाल नकर्मी

.......................................
अध्यक्ष
बिनोद कुमार मानन्धर